# मल्लकालीन भूमिसम्बन्धि–तमसूक ताडपत्र

–शङ्करमान राजवंशी

ने. सं. ६६१

परिचय–

भक्तपुरका राजा प्राणमल्लले जतलभूति थँथ्वटोल-को मिनछे भन्ने घरमा बस्ने वाछे भन्नेलाई जग्गा निगाह गरिदिएको तमसूक ताडपत्र हो । सो जग्गाको नाम रथनाग्वंख भनी दिइएको छ । उक्त जग्गाको चार किल्लामा राजकुलक्षेत्र धलसीमा स्वल्यमार्ग गोष्ठीक्षेत्र दिइएको छ । यसमा प्रमाणित गरिदिएको सीलबन्दी माटोको छाप लागेको छ । उक्त छापको बीचमा खड्ग चित्र र त्यसको अगलबगलमा श्री अङ्कित छ । त्यसको तल गोही जस्तो चित्र छ । खड्गको तल कलश चित्र छ ।

मूल–

१) स्वस्ति ।। श्री श्री जयप्राणमल्ल देव प्रभुठाकुरसन प्रसादारपा स्थानस्य पूर्व्वदीशप्रदेसे चैत्रकार नाथुकस्य क्षेत्रेन पश्चिमत श्री श्री राजकुल क्षेत्रा दुत्तरत धलसीमाया स्वल्यमार्गास्य पूर्व्वत गोष्ठीक्षेत्राद्दक्षिणतः एतन्मध्ये रथणाग्वंख क्षेत्रनाम संज्ञकं तस्य क्षेत्राङ्क द्विरोपनिकं रोव २ तत्क्षेत्र यथा देशकाल प्रवर्त्तमानस्तथा

२) सम्चारार्घेण सुवर्ण्णपुष्पमालार्घ प्रढौकितमादाय क्रय–विक्रय स्वाधिनेन क्रयेन विक्रीयतं भवति श्रीजटलं भूम्यां थंथ्व टोल यिनछे गृहाधिवासिन वाक्षेनाम्ने प्रसादि कृतं अत्रार्थे दृष्टसाक्षी भारसिंह कस्तं जीवराज अमरसिंह भारो लिखति कायस्थ जयसिंहराम सम्वत ६६१ नष्टचैत्रकृष्ण एकादश्यां तिथौ शुभं ।।

अनुवाद–

कल्याण होस् । श्री श्री जयप्राणमल्ल देव प्रभुठाकुर-बाट निगाह भएको स्थानदेखि पूर्वपट्टि चैत्रकार नाथुको जग्गादेखि पश्चिम राजकुलको जग्गादेखि उत्तर धलसीमाको स्वल्यमार्गदेखि पूर्व गुठीको जग्गादेखि दक्षिण यति भित्र रथनाग्वंख नामक जग्गा २ रोपनी त्यसको देशकाल चलन अनुसार चढाएको सुनको मूल्य अर्थात् उचित मूल्य लिएर वेच-विखन गर्ने हक बमोजिम वेचविखन भयो । श्री जतलभूमि थंथ्वटोलको यिनछे भन्ने घरमा बस्ने वाक्षे भन्नेलाई निगाह भयो । यसका निमित्त दृष्ट–साक्षी भारसिंह कस्त जीवराज अमरसिंह भारो लेखक कायस्थ जयसिंहराम । नेपाल संवत् ६६१ नष्टचैत्र-कृष्ण एकादशी तिथि शुभ ।

ने. सं ६८६

परिचय–

भक्तपुरका मुमा महारानी गंगादेवी र राजा त्रैलोक्य मल्ल तया उनका भाइ त्रिभुवन मल्ल यी ३

जनाले ठीमीको देगुरीगामछे चङ्‌री क्वाचछे वस्ने गुहान्त खुल जिवलाई घर निगाह गरिदिएको ताडपत्र हो । उक्त घर रहेको ठाउँ हितिफुसि गाउँको याथ्व ननी भनी दिइएको छ । यसमा प्रमाणित गरिदिएको माटोको सीलबन्दी छाप लागेको छ । उक्त छापको बीचमा खड्गको चित्र र त्यसको अलगबगलमा श्री अंकित छन् ।

मूल–

१) स्वस्ति ।। श्रीश्री जय गंगादेवि ठकुरिनिसन ।। श्रीश्री तैलोके मल्ल देव प्रभु ठाकुर सन ।। श्रीश्री जय त्रिभुवन मल्लदेव प्रभु ठाकुरसन ।। तृभयस्य पसादारपा ।। रथ्याया पश्चिम गमन मगुथ्याया दक्षिण प्रवेस महमदलं यितिफुसिगाम याथ्वननिछे लयेता मूलनाम संज्ञक तस्य पाथर छेषा छि १ लंकन सहेत मूल चिफुलकङ थन छङ द्वार नस्य २ रिविके

२) वन सहेत चतु दिश हरषरामकस्य केवन पश्चिमत उत्तरत स्वमत्तेजकस्य केवन उत्तरत यहस्य पूर्व्वत मगुथ्याया दक्षिणतश्च एते मध्ये प्लिवेष्ठित ।। थ्वते भुप्रसादिकृतं श्रीथेमिमध्येस्थाने भुम्यां देगुरिगामछे चङ्‌रि क्वचछे गृहवास्तव्यं ग्रहान्तषुलकस्य जित्रकस्य नाम्ना सकासान्त ।। यथा देशकार प्रमान तथा शञ्चारार्घेण स्ववर्ण प्रस्ययारादाय किंविकृस्वाङादि

३) नेनतवेनाणिवतक्रयन विकृयत भवति ।। अत्रार्थे दृष्टसाक्षि श्री मधेब्रमा विपलाछे पेताछे प्रधान कुसुम सिंह वाबु ।। आर्षजीवकेसकस्त ।। शुभ ।। सम्वत ६८६ बैशाख वद्धि ९ शुभ ।।

अनुवाद–

कल्याण होस् । श्री श्री जयगङ्गादेवी ठकुरिनी, श्री श्री त्रैलोक्यमल्लदेव प्रभु ठाकुर, श्री श्री जय त्रिभुवनमल्लदेव प्रभु ठाकुर तीन जनाबाट निगाह भएको सडकदेखि पश्चिम गमन गुठीदेखि दक्षिण प्रवेश गर्दा आउने महमदल यितिफुसिगाउँ याथ्वननीछेनिर येता मूल नामक त्यसको पाताल सहितको घर १ बाटोसहित मूल र सानो बाटो निरको ढोका २ पछाडिपट्टि वारी सहित चारैतिर हरषरामको बारीदेखि पश्चिम-उत्तर स्वमतेजको बारीदेखि उत्तर यसैको पूर्वतिरको गम गुठीदेखि दक्षिण यति चार किल्ला भित्रको यो जग्गा निगाह भयो । श्री ठिमी मध्यस्थानभूमि देगुरी गाउँको घर चङ्‌रिक्वाच भन्ने घरमा बस्ने गुहान्त खुलक र जित्र भन्ने मार्फत देशकालको चलन अनुसार सुनको मूल्य लिएर वेच-विखन गर्ने हक बमोजिम वेच–विखन भयो । यसका लागि दृष्टसाक्षी श्री मध्यब्रमा यिपलाछे येताछेका प्रधान कुसुमसिंह बाबु आर्षजोवकेस कस्त । शुभ । नेपाल संवत् ६८६ वैशाखवदि ९ शुभ ।।

## ने. सं. ७००

परिचय–

ललितपुरका राजा पुरन्दरसिंहले कित्तसिंह भारोबाट लिनुपर्ने ६० रूपियाँ मेरू भारोमा सट्टापट्टा गरेको अर्थात् चुक्ता गरेको ताडपत्र हो । यसमा सीलबन्दी छाप छैन । सायद फुटेर हराएको हुन सक्छ । साक्षी मदिछेका ब्राह्मण श्री देवजुलाई राखेको छ ।

मूल–

१) सम्वत् ७०० कार्तिकवद्धि ७ श्री कोवाहार दुथ्ववाहार मेरू भारो शव श्री श्री

२) जय पुरन्द्रसिंह देव ठकुरसके टंका पिफोने दुश अमृतसिंह वावुश व्याहा

३) र टव टंका षुय ६० श भिनयु जुरोम् कितसिंह भारोयाके कायदको टंका सयव मेरू भारोसकं विस्यं पाचकं धु

४) ग्व जुरोम् सयव अमृतसिंह वावुया ददा रषतिज्ञे लुरसनों अक्रटे दु जुरो

५) साक्षि ।। मडिछे द्विजवर श्रीदेवजुश दृष्ट ।। शुभ ।।

अनुवाद–

नेपाल संवत् ७०० कार्तिकवदि ७ मा श्री कोवाहाल दुथ्ववाहालका मेरु भारोले श्री श्री जय पुरन्दरसिंहदेव ठाकुर-संग रूपियाँ मागी अमृतसिंहबाबुले राखेको वहाल रूपियाँ ६० ले बनाइयो । कितसिंह भारोसंग लिनुपर्ने जति तिनै मेरु भारोलाई दिएर फछ्या भयो । तिनै अमृतसिंहबाबुको दाज्यू रपतिज्ञकै रोहवरमा पत्र भयो । दृष्टसाक्षी मडिछेका द्विजवर श्री देवजु शुभ ।।

ने. सं. ७५०

परिचय–

भक्तपुरका राजा जगज्ज्योतिर्मल्लले मध्यपुरी हितिफुसी टोलका जयराज कुसुम हरिराज वलिरामहरूलाई घर बनाउन जग्गा निगाह गरिदिएको यो ताडपत्र हो । यसमा प्रमाणित गरिदिएको माटोको सीलबन्दी छाप लागेको छ । छापको बीचमा चैत्य मूर्ति र त्यसको दायाँ–बायाँ मानिसको मूर्ति अङ्कित छन् । शिरोभागमा गजूर र त्यसको दायाँ बायाँ श्री अङ्कित छन् ।

मूल–

१) स्वस्ति ।। श्री श्री जयजगज्ज्योतिर्मल्ल देव प्रभु ठाकुरसन प्रसादारपा गृहवाटिका उजराजकस्य भूमेण पश्चिमतः इति भूमेण उत्तरतः रूपसिंहकस्य भूमेण पूर्व्वतः दक्षिणतश्च एतन्मध्ये हितिफुसिकेवालाछेन यंता वंवोया वोन नियस्वकु २३ मंवो येवोन जिम ह्लसकु १७ थ्याङ्गनछे दंने मर्जाताथे दव

२) तत यथा देशकाल प्रवतमानस्तथा संचारार्घेण सुवर्ण्णपुष्प मारार्ध प्रढौकिटमादाय क्रय विक्रय स्वाधिनेन क्रयेन विक्रीयतं भवति ।। श्री मध्येपुरिस्थाने हितिफुसिटोलकाधिवासिन जयराज कुसुम हरिराज वलिरामकस्य नाम्तेन प्रसादिक्रतं अत्र पत्रार्थे दृष्टसाक्षि ललितसिंह भारो लिखित का

३) यस्थ कल्याणसिंह ।। सम्वत् ७५० फाल्गुण शुदि १३ शुभं ।।

अनुवाद–

कल्याण होस् । श्री श्री जयजगज्ज्योतिर्मल्ल देव प्रभुठाकुरबाट निगाह भएको घरवारी उजराजको जग्गादेखि पश्चिम इतिभूमिदेखि उत्तर रूपसिंहको जग्गादेखि पूर्व दक्षिण यस बीचको हितिफुसिकेवालाछेको दक्षिण लम्बाइ–मा २३ हात र चौडाइमा १७ हात लिई घर बनाउन पाउने गरी देशकाल चलन अनुसार चढाएको उचित मूल्य लिई वेच- विखन गर्ने अधिकार अनुसार वेचविखन भयो । श्री मध्यपुरीस्थानमा हिटिफुसिटोलमा बस्ने जयराज,कुसुम हरिराज, बलिरामहरूको नाममा निगाह भयो । यस पत्रका दृष्टसाक्षी ललितसिंह भारो लेखक कायस्थ कल्याणसिंह ने. सं. ७५० फाल्गुन शुदि १३ शुभम्–

ने. सं. ७५५

परिचय–

भक्तपुरका राजा जगज्ज्योतिर्मल्लले मध्यपुरी हिति–फुसिटोलमा बस्ने नार्सि भन्नेलाई दहवु नामक खेत निगाह गरिदिएको यो ताडपत्र हो । यसमा प्रमाणित गरिदिएको सीलवन्दी माटोको छाप लागेको छ । बीचमा चैत्याकार र अगलबगलमा मानिसको मूर्ति अङ्कित गरिएको छ । गजूरको दायाँ- बायाँ श्री अङ्कित छन् ।

मूल--

१) स्वस्ति ।। श्री श्री जय जगज्ज्योतिर्मल्ल देव प्रभु ठाकुरसन प्रसादारपा स्थानस्य वायव्य दीश प्रदेशे श्री श्री राजक्षेत्रेण पश्चिमतः हृदराजकस्य क्षेत्रेण उत्तरतः विश्वसिकस्य क्षेत्रेण पूर्व्वतः ध्वरनवकस्य क्षेत्रेण दक्षिणतश्च एत

२) न्मध्ये दहवु क्षत्र नामसंज्ञकं तस्य क्षेत्रांक व्रीरोपनिकं रोव स्व ३ तत क्षत्र यथादेशकाल प्रवर्तमानस्तथा संचारार्घेण सुवर्ण्ण पुष्पमारार्घ प्रढौकीटमादाय क्रय विक्रय स्वाधिनेन क्रयन विक्रीयतं भवति ।। श्री मध्य

३) पुरिस्थाने इतिफुसिकाधिवासिन नार्सिकस्य नाम्नेन प्रसादिक्रतं अत्रार्थे दृष्टसाक्षि ललित्तसिंह भारो लिखिति कायस्थ कल्याणसिंह सं. ७५५ फाल्गुण शुदि १२ शुभं ।।

अनुवाद–

कल्याण होस् । श्री श्री जयजगज्ज्योमिर्मल्लदेव प्रभु ठाकुरबाट निगाह भएको स्थानदेखि वायव्य दिशातिर श्री श्री राजक्षेत्रदेखि पश्चिम हृदयराजको जग्गादेखि उत्तर विश्वर्तिहको जग्गादेखि पूर्व ध्वरनवकको जग्गादेखि दक्षिण यति बीचको दहवु नामको खेत ३ रोपनी त्यस जग्गाको देशकाल चलन अनुसार चढाएको उचित मूल्य लिएर वेच–विखनको अधिकार अनुसार वेचविखन भयो । श्री मध्यपुरी स्थानमा इतिफुसिमा बस्ने नासिको नाममा निगाह भयो । यस पत्रका दृष्टसाक्षी ललितसिह भारो लेखक कायस्थ कल्याणसिह् । ने. सं. ७५५ फाल्गुन शुदि १२ शुभम्–

ने. सं. ७६२

परिचय–

भक्तपुरका राजा नरेशमल्लले मध्यपुरी इन्याय-लाछी टोलको मानसिं भन्नेलाई यातिपुखुरनामक खेत निगाह गरिरिएको यो ताडपत्र हो । यसमा प्रमाणित गरि-दिएको सीलवन्दी माटोको छाप लागेको छ । छापको बीचमा खड्ग र त्यसको अगलवगलमा श्री अङ्कित छन् ।

मूल–

१) स्वस्ति ।। श्री श्री जयनरेशमल्लदेव प्रभु ठाकुरसन प्रसादारपा स्थानस्थ उत्तरदिश प्रदेशे विश्ववेखाकस्य क्षत्रात्पश्चिमतः उत्तरतः दक्षिणतश्च एतन्मध्यें यातिपुखुर क्षेत्रनाम संधेयं तस्य क्षेत्राङ्क चतुरोपनीकं रोव पि ४ ततः क्षेत्र यथादेशकारप्रवर्तमानस्तथा संचारार्घेन

२) सुवर्ण्णपुष्पमारार्घ प्रढौकिटमादाय क्रयविक्रय स्वाधि–नेन क्रयेन विक्रीयतं भवति ।। श्री मध्येपुरस्थाने इन्यायलाछि टोल गृहाधिवासि मानसिह नाम्ने प्रसादिकृतं अत्रपत्रार्थें साक्षी द्रव्यसिंह भारो ललितसिंह भारो टेकणसिह् भारो लिखिति दैवज्ञ गंगाधर ।। सम्वत् ७६२ ज्येष्ठकृष्ण नवम्यां तिथौ ।। शुभ ।

अनुवाद–

कल्याण होस् । श्री श्री जयनरेशमल्लदेव प्रभु ठाकुरबाट निगाह भएको स्थानदेखि उत्तर दिशापट्टि विश्व-वेखाको जग्गादेखि पश्चिम उत्तर दक्षिण यति बीचमा याति-पुखुर क्षेत्र नाम भएको खेत ४ रोपनी त्यस खेतको देशकाल चलन अनुसार चढाएको उचित मूल्य लिएर वेचविखन गर्ने अधिकार अनुसार वेचविखन भयो । श्री मध्यपुरी स्थान इन्यायलाछि टोलको घरमा बस्ने मानसिंहको नाममा निगाह भयो । यस पत्रका दृष्टसाक्षी द्रव्यसिंह भारो ललितसिंह भारो टेकनसिंह भारो लेखक दैवज्ञ गंगाधर । ने. सं. ७६२ ज्येष्ठकृष्ण नवमी तिथि शुभम्–

## भक्तपुरका राजा भारदार

| देसं | राजा | दृष्टसाक्षी | लेखक |
|---|---|---|---|
| ६६१ | जयप्राणमल्ल | भारसिंह कस्त<br>जीवराज<br>अमरसिंह भारो | जयसिंहराम कायस्थ |
| ६८६ | गंगादेवीठकुरिनी<br>त्रैलोक्यमल्ल<br>त्रिभुवनमल्ल | कुसुमसिंहबाबु प्रधान | आर्षजीवकेश कस्त |
| ७५०<br>७५५ | जयजगज्ज्योतिर्मल्ल | ललितसिंह भारो | कल्याणसिंह कायस्थ |
| ७६२ | जय नरेशमल्ल | द्रव्यसिंह भारो<br>ललितसिंह भारो<br>टेकनसिंह भारो | गंगाधर दैवज्ञ |